स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



एक समय विवाह नगरी बच्चा जन्माउने अभिव्यक्ति दिएर चर्चामा रहेकी अभिनेत्री नम्रता सापकोटा वैवाहिक जीवनमा बाँधिएकी छन्। उनले बिहीबार ओजस नामक युवकसँग विवाह गरेकी हुन्। उनको विवाह समारोह नागार्जुन सितापाइलास्थित निजी निवासमा आयोजना गरिएको छ। बुधवार मेहन्दी समारोहको एक तस्बिर सामाजिक सञ्जालमा पोस्ट गर्दै आफू विवाह बन्धनमा बाँधिन लागेको जानकारी दिएकी थिइन्।

**आजको विचार...**



भ्रम...
(दुई पेजमा)

मिलन शर्मा बस्याल



कलाकार जितु नेपाल आफूले नबोलेको कुरासँग जोडेर फैलाइएको भ्रामक सामग्रीका कारण यतिबेला हैरानीमा परेका छन्। उनी अहिले धनकुटामा आफ्नो आगामी फिल्म 'कार्की साइँला' को छायांकनमा व्यस्त छन्। सामाजिक सञ्जालमा दिनेश अधिकारी नामको नक्कली फेसबुक एकाउन्टबाट जितुलाई राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेनसँग जोड्दै स्टाटस पोस्ट गरिएको थियो। त्यसपछि बालेनका समर्थक र पार्टीका केही कार्यकर्ताले उनलाई आलोचना र गाली गर्न थालेका छन्।

❒ वर्ष ३१ ❒ अंक २१२ ❒ २०८२ फागुन १७ गते आइतबार 1 March 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सैन्य विमान दुर्घटना १५ को मृत्यु

(रासस/एएफपी)

**ला पाज,** फागुन १६/बोलिभियाको प्रशासनिक राजधानी ला पाज नजिकै नगद बोकेको सैन्य कार्गो विमान अवतरणका क्रममा दुर्घटनाग्रस्त हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । दुर्घटनापछि सडकमा छरिएको पैसा उठाउन भीड जम्मा भएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रयोग गर्नुपरेको थियो । सी-१३० हर्कुलस यातायात विमान एल अल्टो अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा रनवेबाट बाहिर निस्केर नजिकैको व्यस्त एभिन्यूमा खसेको थियो । स्थानीय सञ्चारमाध्यमले सार्वजनिक गरेको दृश्यमा विमानका भग्नावशेष सडकभर छरिएको, थुप्रै कार पूर्णरूपमा नष्ट भएको र केही ट्रकमा क्षति पुगेको देखिएको छ । विमान ठोक्किएपछि सडकमा छरिएका बैंकनोट सङ्कलन गर्न दर्शकहरू हतारिएका थिए, जसलाई हटाउन प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो । पछि अधिकारीहरूले दुर्घटनास्थलमै आगो बालेर पैसा जलाएका थिए । दुर्घटनाको कारण तत्काल खुल्न सकेको छैन । प्रत्यक्षदर्शीहरूले त्यसबेला मौसम अत्यन्त खराब रहेको बताएका छन् । ६० वर्षीया विक्रेता क्रिस्टिना चोकले एएफपीसँग कुरा गर्दै भारी असिना परेको र बिजुली चम्किरहेको बताए । उनको कारमा विमानको भग्नावशेष ठोक्किएको थियो ।

# पाल्पामा मतदान अधिकृतलाई तालिम

## धमाधम मतदान केन्द्र पठाउने तयारी

कृष्ण पोखरेल

**पाल्पा,** फागुन १६/मुख्य निर्वाचन अधिकृतको कार्यालय पाल्पाले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृत तथा जगेडा कर्मचारीहरुलाई तालिम प्रदान गरी मतदान केन्द्रमा पठाउने तयारी गरेको छ । जिल्लाका १० वटै पालिकामा खटिने कर्मचारीलाई तालिम प्रदान गरेर केन्द्रमा पठाउने तयारी भएको हो ।







जिल्लाको ११८ मतदान स्थलका २४१ वटा मतदान केन्द्र र २ वटा अस्थायी मतदान केन्द्रमा खटिने कर्मचारीहरुलाई निर्वाचन प्रशिक्षण तथा तालिम प्रदान गरी मतदानस्थानमा खटाउने तयारीमा जुटिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । दुई दिनसम्म चलेको तालिममा मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य, अधिकारको क्षेत्र, मतपेटिका राख्ने ठाउँ, रुजु गर्ने तथा मतदान केन्द्र निर्माण गर्ने तरिका, कर्मचारी आचारसंहितालगायतका विषयमा तालिम दिइएको थियो । उनीहरुलाई नमुना मतदानमा सहभागी समेत गराईको छ । क्षेत्र नं. १ का २३४ र क्षेत्र नं. २ का २६८ जना अधिकृतलाई तालिम दिएपछि सम्बन्धित मतदान स्थलमा खटाउने तयारी भएको मुख्य निर्वाचन अधिकृत हरि प्रसाद शर्मा उपाध्याय पंगेनीले बताए । मतदान अधिकृतहरुलाई मतदान अघि, मतदानको दिन र मतदान सकिएपछि गर्नुपर्ने सबै किसिमका कामहरु जिम्मेवारी पुर्वक सम्पन्न गर्न प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य निर्देशन दिएकी छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक दिपेन्द्र पञ्जियार थारुले स्वच्छ, निष्पक्ष र विश्वसनिय भयरहित निर्वाचनको लागि ढुक्क भएर मतदान स्थलमा खटिन, सुरक्षाकर्मीसँग आवश्यक समन्वय र सहकार्य गरेर काम गर्न मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुलाई अनुरोध गरे । मतदानस्थलमा पुगी सकेपछि स्वच्छ निष्पक्ष भयरहित निर्वाचनका लागि गर्नुपर्ने काम जिम्मेवार, आवश्यक समन्वय सहकार्य, कानुनी कुराहरुको बारेमा सैद्धान्तिक जानकारीसँगै मतदानस्थल निर्माण देखी मतदान कार्य सम्मको व्यबहारिक ज्ञान प्राप्त गरिएको तालिममा सहभागी मतदान अधिकृत भरत आचार्यले बताए । मतदान कार्यको लागि जिम्मेवारी पाएका सबैले संविधान, कानुन अनुसार स-सानो कुरामा ध्यान दिएर, आएका विवाद कानुन अनुरुप, तत्काल समाधान गरी सबैपक्षलाई मान्य हुने गरी काम गर्न मतदान अधिकृतहरुलाई निर्वाचन कार्यालय पाल्पाले अनुरोध गरेको छ ।

-बाँकी अन्तिम पेजमा...

## 'मतदान केन्द्र अपाङ्गमैत्री बनाउनुपर्ने माग'





**तुलसीपुर (दाङ),** फागुन १६/ मतदान केन्द्रहरू अपाङ्गमैत्री नहुँदा अपाङ्गता भएका मतदाताहरूलाई निकै समस्या हुने गरेको छ । विगतका मतदानहरूमा पनि निकै समस्या भोग्नुपरेको भन्दै आगामी फागुन २१ गते हुन लागेको निर्वाचनमा मतदान केन्द्रहरू अपाङ्गमैत्री हुनुपर्ने राप्ती बहिरा संघ दाङका अध्यक्ष अजय शर्माले बताए ।

टेबलहरू अग्ला हुँदा होचा व्यक्तिहरूले मदतान गर्न नै गाह्रो हुने अवस्था रहेको उनको भनाइ थियो । त्यस्तै मदतान केन्द्रहरूमा दोभासे नहुँदा आफूहरूलाई बुझ्न पनि गाह्रो हुने गरेको समेत उनको भनाइ थियो । "होचा व्यक्तिलाई अग्ला टेबलमा पुग्न पनि गाह्रो हुने हुन्छ, त्यसले गर्दा एकातिरभन्दा अर्कोतिर भोट जाने अवस्था हुन्छ", उनले भने, "यस्ता कुराले होचा व्यक्तिलाई गाह्रो हुन्छ ।" अपाङ्गता भएका व्यक्तिहरू सहजै मतदान केन्द्रमा जान पनि नसक्ने अवस्था रहेको भन्दै यसलाई पनि ध्यानमा राख्नुपर्ने उनको भनाइ छ । सबै मतदान केन्द्रहरूमा यस्तो कुरालाई ध्यान दिनुपर्ने उनको भनाइ छ । अपाङ्गता भएका व्यक्तिलाई भोट बैंक बनाउने तर, अपाङ्गमैत्री मतदान केन्द्र नबनाउँदा समस्या हुने गरेको उनको भनाइ छ । त्यस्तै दृष्टिविहीन शिक्षक रामबहादुर खड्काले पनि निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूलाई विभेद गर्ने गरेको बताए । उनले आफू सरकारी शिक्षक भए पनि निर्वाचनको कामकाजमा नखटाउने गरेको गुनासो गरे । "गत वर्ष एक जना शिक्षकलाई निर्वाचनको कामका लागि छनोट गरेको भए पनि काम गर्न नसक्ने भन्दै फर्काएकोसमेत उनले गुनासो गरे । -रासस

## वर्तमान संकट समाधानका लागि कांग्रेसले मात्रै सक्छ : विश्वप्रकाश शर्मा

**गुल्मी,** फागुन १६/नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले वर्तमान संकट समाधानका लागि कांग्रेसले मात्रै सक्ने दाबी गरेका छन् । शनिबार गुल्मीको क्षेत्र नम्बर १, छत्रकोट गाउँ कार्यसमितिले आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै उपसभापति शर्माले यस्तो बताएका हुन् ।



उनले सक्षम र विज्ञहरूको 'उत्कृष्ट टिम' सहित कांग्रेसले सरकारको नेतृत्व गर्ने जिकिर गर्दै अहिले देखिएको संकटको समाधान काँग्रेसले मात्रै गर्ने बताए । शर्माले भने, "प्रधानमन्त्री बन्नु कुनै फिल्मको हिरो बन्नुजस्तो होइन, देश विकासका लागि सिंगो टिम आवश्यक पर्छ । एउटा हिरोका कारण फिल्म चल्ला तर देश चल्दैन ।"उनले देश निर्माणका लागि सशक्त र सक्षम टिम चाहिने र त्यो टिम कांग्रेसले बनाएर अघि बढ्ने स्पष्ट पारे । शर्माले थपे, "गगन थापा प्रधानमन्त्री बन्दैमा देश बन्छ भनेर हामी भन्दैनौं । उनको नेतृत्वमा योग्य र विज्ञलाई जोडेर शेरबहादुर देउवालगायत सबै शीर्ष नेताको मार्गदर्शनमा बदलिएको कांग्रेस टिमले सरकारको नेतृत्व गर्छ ।" उनले रास्वपा नेता बालेन शाहलाई लक्षित गर्दै उत्तेजनामा आएर भाषण गर्दैमा देश नबन्ने पनि बताए । शर्माले देश निर्माणका लागि स्पष्ट दृष्टिकोण, योजनाबद्ध कार्यशैली र निरन्तर परिश्रम आवश्यक पर्ने उल्लेख गरे । पैसामात्रै भएर देश बन्दैन, देश बनाउन सोच र संकल्प चाहिन्छ, उनले बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## भेदभाव जरैदेखि उखेलौं

नेपाली समाजमा अझै पनि विभिन्न किसिमका भेदभाव कायमै रहेको छ । यो नाम वा त्यो नाममा भेदभाव हुने गरेको छ । यो अत्यन्त दुखको कुरा हो । नेपाली समाजमा कतै जातिय भेदभाव, कतै लैङ्गिक भेदभाव हुने गरेका घटनाहरु थुप्रै हुने गरेका छन् । जातीय आधारमा अहिले पनि छुवाछूतजन्य संस्कार समाजमा स्थापितरुपमै विद्यमान छ । बारम्बार प्रकट हुने घटना र त्यसबाट भड्किँदो हिंसारुपी ज्वालाले अझै पनि समाजलाई विभाजित बनाइरहेकै छ । कतै तल्लो जातको भन्दै दिसा खुवाइएका घटनाहरु छन् त कतै सानो जात भनेर बोक्सीको आरोप लगाउँदै चरम यातनासमेत दिइरहेको पाइन्छ । कतै मन्दिर प्रवेश गरेको भन्दै मारिएका घटनाहरु अघि आउँछन् त कतै माथिल्लो जातसँग प्रेम गरेकै आधारमा ज्यानै जाने गरी सजाय दिइएका घटनाहरु खोज्ने हो भने प्रसस्त भेटिन्छन् ।

भेदभाव प्रायः गलत सूचना वा अज्ञानताको डरमा आधारित हुने गर्दछन् । कसैले कसैलाई भेदभाव गर्नु भनेको मानव अधिकार हनन् गर्नु नै हो । मानिसले मासिनसलाई नै विभिन्न किसिमका भेदभाव गर्ने गरेको पाइन्छ । कुनै पनि विभेद सामाजिक, नैतिक तथा मानवीय गरिमा विरूद्धको अपराध हो । यस्ता प्रथाको समूल अन्त्य गर्न कानुनको प्रभावकारी कार्यान्वयन गर्दै सामाजिक चेतना र जागरण अभिवृद्धि गर्न आवश्यक छ । भेदभावलाई शून्य बनाउन हरेक वर्षको मार्च १ गते विश्वभरी नै संयुक्त राष्ट्र संघले शून्य भेदभाव दिवस मनाउने गर्दछ । आज पनि यो दिवस विश्वभर मनाइँदै छ । तर यो दिवसले सार्थक रुप भने पाउन सकेको छैन । मानिस भएर जन्मिएपछि जातीय विभेद र छुवाछूतको बन्धनमा बाँधिँदै अपमानितसँगै अवहेलित हुने सन्दर्भहरु अहिले पनि ठाउँ-ठाउँमा घटित भैरहनुले अन्धविश्वासलाई नै बढवा दिइरहेको छ । छुवाछुत भेदभाव गर्नु भनेको मानव अधिकार हनन् गर्नु नै हो । यसर्थ विभेदको जरैदेखि अन्त्य गर्न जरुरी छ । यसतर्फ सरकार र सरोकारवालाहरु गम्भीर बन्नुपर्छ ।

### Opinion @ Social Network

दुनियाँ सुधार्ने सपना देख्नेहरू,
पहिला आफ्नै सोच सुधारिदिए धेरै फरक पर्थ्यो ।
*(कमला कुवरको फेसबुक स्टाटसबाट www.facebook.com/Kamala.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रम र यथार्थमा जेलिएको राजनीतिक अतिवाद



**मिलन शर्मा बस्याल**

आसन्न फागुन २१ को निर्वाचनसँगै सडक खचाखच छन्, देश तातेको छ । सामाजिक सञ्जालमा चुनावी रौनक बढ्दो छ । विश्वभर छरिएर बसेका आम नेपालीहरूका लागि चासो र चिन्ताको विषय बनेको छ । सहरका गल्लीदेखि गाउँ कन्दरा, टाकुराका बस्ती, गोरेटो र गौँडाहरूमा हात जोड्दै भोटको याचना गर्दै हिँडेका भीड लावा लस्कर तथा अनेक नाटक अभिनयहरू हेर्न लायक छन् । नयाँ र पुराना दलहरू आफ्नो हर्कत र वर्कतले भ्याएसम्म चुनावी दौड जित्न होमिएका छन् । हुन त यस पटकको चुनाव पनि कुनै नौलो चुनाव होइन तर जेनजी आन्दोलनको म्यान्डेट अनुसार तय भएको हुँदा नेपाली राजनीति र आम जनतामा विशेष सरोकारको विषय बन्नु स्वाभाविक पनि हो । लोकतान्त्रिक गणतन्त्रको आन्दोलनसँगै देशमा राजनीतिक व्यवस्था परिवर्तनहरू भएपनि आम जनताको जीवनमा भने खासै भिन्नता अनुभूत गर्न सकिएको छैन । जनताको आर्थिक र भौतिक, शैक्षिक र स्वास्थ्यको हैसियत उस्तै-उस्तै छ । कछुवा गतिको क्रमिक विकासलाई विश्वपरिवेशमा विकास भन्नू लज्जास्पद भइसकेको छ । पुराना शीर्ष दलहरूले राजनीतिक सिन्डिकेट, हरेक क्षेत्रमा दलीयकरण, भागबन्डा, सत्ताकेन्द्रित राजनीति, चरम भ्रष्टाचार, अशान्ति असुरक्षा, बेरोजगारीको महामारी, उराठलाग्दो युवा पलायन, बिचौलियाको बिगबिगी जस्ता विषयहरूको सम्बोधन गर्न नसक्दा जनतामा चरम निराशा छाएको थियो । त्यसैको विस्फोट थियो जेनजी आन्दोलन । यही आन्दोलनको मर्मलाई सम्बोधन गर्ने उद्गमविन्दु मान्न सकिन्छ आगामी निर्वाचन । नेपालको बहुदलीय व्यवस्थामा राजनीतिक दलको उदय र पतनका शृङ्खला बिगतदेखि देखिँदै आएका हुन् । पार्टीका गठन विघटन, फुट र एकता पनि निरन्तर चलिरहन्छन् । विभिन्न अवस्था र आवश्यकताले जन्मिएका पार्टीहरूले गरेका त्याग, समर्पण र सैर्षहरूको साक्षी इतिहास हुन्छ । पछिल्लो समयमा नेपालमा विभिन्न नयाँ राजनीतिक शक्ति र स्वतन्त्र उम्मेदवारहरूले स्थापित राजनैतिक दलहरूलाई चुनौती दिँदै अग्रसरता देखाएका छन् । सदनमा होस् कि सडकमा, नयाँ र स्थापित पुराना दलहरूले आ-आफ्नो शक्ति प्रदर्शनलाई प्राथमिकता दिएको देखिन्छ । आम मानिसको मनोविज्ञान बटुल्न ठुलो जनसमूह उपस्थित गराउनु, सामाजिक सञ्जालमा लाखौँ फलोअर्स देखाउनु, लाइक कमेन्ट र शेयरको डाटाले आफ्नो लोकप्रियता देखाउनु, सडकमा नाराबाजीसहित समर्थन वा बिरोध गर्नु, विभिन्न ट्रोल बनाउनु आदिलाई हतियार बनाएर आ-आफ्नो राजनीतिलाई अघि बढाउँदै गरेको देखिन्छ । नेपालको राजनीति सधैँ परिवर्तनको बहसमा केन्द्रित छ । समयसँगै नयाँ दलहरूको उदय र पुराना दलहरूको निरन्तरताले एउटा मूल प्रश्न उब्जाएको छ । के नयाँ शक्ति वास्तवमै परिवर्तनको प्रतीक हो वा केवल आशाको अर्को रूप मात्र ? के पुराना दलहरू पूर्ण रूपमा असफल भइसकेका हुन् वा तिनको अनुभव लोकतन्त्रका लागि आवश्यक छ ? यही द्वन्द्वबिच दलीय एवं राजनीतिक अतिवादको विषय प्रासङ्गिक बनेको छ । अर्कोतर्फ लामो राजनीतिक इतिहास बोकेको राप्रपाले राजसंस्थाको पुनः स्थापनाको विषयलाई जोडतोड साथ उठाइरहेको छ । यससँगै गैरराजनीतिक चरित्रका दुर्गा प्रसाईं लगायतका राजावादी समूहले समेत अतिवादी शैलीमा राजतन्त्रको वकालत र सभा जुलुसहरू अघि बढाई रहेका छन् । यसले गणतन्त्र भन्दा बरु राजतन्त्र नै ठिक हो कि भन्ने भ्रम समेत सिर्जना गरेको देखिन्छ । विशेषगरि 'पुरानाले देश खत्तम पारे' भन्ने नयाँहरू र 'यो व्यवस्था हामीले लडेर ल्याएको हो', त्यसैले बाघको छाला लगाएर स्यालले रजाइँ गर्न मिल्दैन भन्ने भाष्य निर्माण गरिएको देखिन्छ । आरोप प्रत्यारोपका दोहोरीहरूले सडकदेखि सञ्जालहरू फोहोरी बनेका छन् । एजेण्डा, विषय र बहसभन्दा गाली, डर, धम्कीका हतियार अघि सारेर चुनावी मैदानमा सुर्की मारेका अशोभनीय हर्कत प्रदर्शित भइरहेकै छन् । सतहमा हेर्दा नयाँ र पुराना दुवै खाले दलहरूका कार्यशैली उस्तै-उस्तै छन् । हुन त नयाँ पुराना दुवै उहीँ समाजका उपज हुन् । तथापि नीति र नेतृत्वले केही हदसम्म फरकपनको दिशानिर्देश गरेको हुन सक्छ । नयाँलाई घेराबन्दीमा पारेर आफ्नो वर्चस्व कायम गर्ने रणनीति पुरानोमा हाबी छ । नीति सिद्धान्त र एजेन्डाभन्दा पनि पुराना दलको उछितो काढ्नु र चुनाव जित्नु नै हरेक समस्याको समाधान हो भन्ने मनोवैज्ञानिक भने नयाँमा छ । सौहार्दताको सीमा नाघेर अतिवादतर्फ अघि बढिरहेका छन् । जनता यसैमा फसेका छन् । नेपालको राजनीतिक इतिहास हेर्दा नेपाली काँग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी र राप्रपा जस्ता दलहरूले लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । सैर्ष, आन्दोलन र संविधान निर्माणका चरणहरूमा उनीहरूको योगदान उल्लेखनीय छ । तर लामो समयसम्म सत्ता वरिपरि घुम्दा उनीहरूमाथि यथास्थितिवाद, गुटबन्दी र जनअपेक्षा पूरा गर्न नसकेको आरोप लाग्दै आएको छ । यसै कारण कतिपय नागरिकको मनमा 'पुराना भनेका सबै खराब हुन्' भन्ने धारणा स्थापित हुन गएको छ । यसैबिच, राष्ट्रिय स्वतन्त्र पार्टी, श्रम संस्कृति, उज्यालो नेपाल, विप्लव नेतृत्वको नेकपा (माओवादी) जस्ता नयाँ शक्तिहरूले राजनीतिक मैदानमा प्रवेश गर्दा आशाको नयाँ तरङ्ग पैदा भएको छ । भ्रष्टाचार विरोधी अभियान, पारदर्शिताको सङ्कल्प, उत्पादन-आत्मनिर्भरतामा जोड र परम्परागत शैलीप्रति आलोचनात्मक दृष्टिकोणले विशेषगरी युवापुस्तालाई आकर्षित गरेको छ । तर यहाँ सूक्ष्म प्रश्न उठ्न सक्छ । के नयाँ हुनु मात्र पर्याप्त हुन्छ ? के नयाँ हुनु भनेको पार्टी वा दलको नाम नयाँ हुनु हो ? वा नेतृत्व, विचार नयाँ हुनु हो ? कहिल्यै राजनीतिमा नलागेका मान्छेले नेतृत्व गरेर नयाँ हुनु हो वा पुरानै पार्टीबाट छुट्टिएर अवसरको खोजीमा देखिएका नयाँ अनुहारहरू नयाँ हुन् ? राजनीतिक नेतृत्व केवल नाराले होइन, जटिल निर्णय क्षमता, संस्थागत समझ र दीर्घकालीन दृष्टिले पनि परिभाषित हुन्छ । अनुभवको अभाव, आन्तरिक समन्वय र व्यवहारिक कठिनाइहरू नयाँ दलका लागि चुनौती बन्न सक्छन् । त्यसैले नयाँ भनेकै समाधान भन्ने धारणा भ्रमपूर्ण हुन सक्छ । अर्कोतर्फ, पुराना दलहरूलाई पूर्ण रूपमा अस्वीकार गर्नु पनि यथार्थपरक दृष्टिकोण होइन । अनुभवले स्थिरता दिन्छ, तर अनुभव मात्र पर्याप्त हुँदैन । त्यसमा नवीन सोच र आत्मसमीक्षा पनि आवश्यक हुन्छ । वास्तवमा समस्या पुरानो वा नयाँ भन्दा पनि अतिवादी सोचमा छ, जहाँ आफ्नो पक्षलाई मात्र सही ठान्ने र अन्य दृष्टिकोणलाई बेवास्ता गर्ने प्रवृत्ति देखिन्छ । लोकतन्त्रको सौन्दर्य प्रतिस्पर्धामा मात्र होइन, सहकार्य सहअस्तित्वमा निहित हुन्छ । जब राजनीति अतिवादतर्फ झुक्छ, तब संवाद कमजोर हुन्छ र ध्रुवीकरण बढ्छ । यसको असर नीतिनिर्माणदेखि विकाससम्म देखापर्छ । त्यसैले नागरिकले पनि भावनाभन्दा विवेकलाई प्राथमिकता दिनु आवश्यक हुन्छ । राना दलहरूप्रति घट्दो जनलहर र नयाँहरूप्रतिको अस्वाभाविक भिडभाडले एक पक्ष निराशाजनकरूपले आत्तिने र अर्को पक्ष जीतको उन्माद बढ्ने प्रवृत्ति बढेको छ । यसले अधिकांश जनतामा झनै अन्यौलता थपेको छ । को सही ? को गलत ? को कसी लगाउन मुस्किल देखिन्छ । प्रत्येक पार्टीका आ-आफ्ना चुनावी रणनीति भए पनि नेपाली जनताको मनोविज्ञानले अझै पनि बाहिरी माहौल हेरेर आफ्नो विचार बनाउने पुरानो संस्कार छोडेको छैन । यो कुरा दुवै पक्षले बुझेका छन् । त्यसैले हरेक दल सकेजति भीड देखाएर आम जनतालाई आफ्नो अग्रता र जीतको सम्भावना बलियो देखाउन चाहन्छन् । हुन त भीडतन्त्रमा तर्क, तथ्य र नीतिगत बहसभन्दा भावनात्मक आवेग, नारा र सङ्ख्यात्मक प्रदर्शनले प्रभाव पार्ने गर्छ । भीडमा व्यक्तिको भौतिक उपस्थिति भए पनि विवेक शिथिल बनाउने सामाजिक मनोविज्ञानले काम गर्छ । नेपालको राजनीतिक परिवेश पछिल्लो समय रोचक मोडमा पुगेको छ । नेपालको आधुनिक राजनीतिक इतिहासमा नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) नेपाली कम्युनिस्ट पार्टी, राप्रपा जस्ता दलहरूले प्रजातान्त्रिक लोकतान्त्रिक आन्दोलनदेखि संविधान निर्माणसम्मका चरणहरूमा खेलेको योगदान अस्वीकार गर्न सकिँदैन । तर समयसँगै नागरिकको अपेक्षा पनि बदलिएको छ । जनताले केवल राजनीतिक स्थिरता, सडक र पुलमात्र होइन, सुशासन, रोजगारी, आर्थिक समृद्धि, र पारदर्शिता खोजिरहेका छन् । जब यी अपेक्षाहरू पूरा भएको अनुभूति हुँदैन, तब निराशा बिस्तारै वितृष्णामा रूपान्तरण हुन थाल्छ । पुराना दलहरूप्रति बढ्दो असन्तोषको प्रमुख कारण अपूरा सङ्कल्प र आश्वासन हुन् । चुनावताका गरिएका प्रतिबद्धताहरू व्यवहारमा देखिन नसक्दा बोली र व्यवहारबिच तालमेल नहुँदा त्यसले आन्दोलनमा घिउ थप्ने काम गर्छ । अर्को कारण परिवारवाद, नातावाद, कृपावादवादले जब राजनीतिक बहस नीतिभन्दा व्यक्तिको वरिपरि केन्द्रित देखिन्छ, नागरिकले राजनीति आ्नो जीवन सुधार्ने माध्यमभन्दा शक्ति संघर्षको मैदान बनेको जस्तो अनुभव गर्न सक्छन् । राजनीति केवल उत्साहले मात्र चल्दैन यसका लागि अनुभव, संस्थागत क्षमता, र जटिल परिस्थितिमा निर्णय गर्ने दक्षता पनि आवश्यक हुन्छ । त्यसैले नयाँ शक्तिहरूप्रति आकर्षण स्वाभाविक भए पनि उनीहरूको वास्तविक परीक्षा शासन सञ्चालन र परिणाम दिन सक्ने क्षमतामा निर्भर रहनेछ । यस सन्दर्भमा पुराना र नयाँबिचको तुलनामा को सही, को गलत भन्ने सरल निष्कर्ष निकाल्न मिल्दैन । पुराना दलहरूसँग अनुभव र संरचना छ । नयाँ दलहरूसँग ऊर्जा र परिवर्तनको एजेन्डा छ । लोकतन्त्रका लागि यी दुवै पक्ष आवश्यक हुन सक्छन् । वास्तवमा अनुभवले स्थिरता दिन्छ भने नवीनताले गति । नयाँ दलहरूको चुनावी अभियानले पुराना र स्थापित दलहरूमा पराकम्पन्न गएको छ । उनीहरूलाई अस्तित्व संकटको डरले घर गरेको छ । तर नयाँ हुनु मात्र सफलताको प्रमाण होइन । राजनीति उत्साह र हुटहुटीले सुरु हुन्छ, तर टिकाउन अनुभव, संस्थागत क्षमता, र नीतिगत स्पष्टता चाहिन्छ । नेपालको वर्तमान राजनीतिक मनोविज्ञान हेर्दा लाग्छ- नागरिक दल बदलिरहेका छैनन्ह उनीहरू विश्वास खोजिरहेका छन् । पछिल्लो समय विश्वमा पपुलिजमको बहस व्यापक छ । आलोचकहरूका अनुसार पपुलिस्ट प्रवृत्तिले भावनालाई तथ्यभन्दा माथि राख्ने जोखिम बोकेको हुन्छ । जब राजनीति अत्यधिक व्यक्ति केन्द्रित हुन्छ तब संस्थागत सन्तुलन कमजोर हुन्छ । समाजलाई 'हामी' र 'उनीहरू' मा विभाजन गर्ने भाष्यले ध्रुवीकरण बढाउने सम्भावना हुन्छ । नेपालमा पनि पछिल्ला वर्षहरूमा पपुलिस्ट शैली बढ्दै गरेको देखिन्छ । यसलाई केवल राजनीतिक घटना मान्न मिल्दैनह यो सामाजिक मनोविज्ञानसँग जोडिएको छ । जब नागरिकले परम्परागत प्रक्रियाबाट छिटो परिवर्तन सम्भव छैन भन्ने अनुभव गर्छन्, तब उनीहरू साहसी र फरक सन्देशतर्फ आकर्षित हुन्छन् । पुराना दलहरूप्रतिको वितृष्णा र नयाँप्रति आकर्षणको सतही परिदृश्य नै वास्तविक नहुन सक्छ । दुवै पक्षहरूले अतिवादको भ्रम पाल्न छाडेर मध्यममार्गी वैचारिक यात्रा र गन्तव्य पहिचान गर्नु श्रेयकर हुन्छ । व्यक्ति र दलभन्दा शीर्ष स्थानमा देशको हितलाई राख्नुपर्छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : हिम्मतले काम बन्नेछ भने जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। | **तुला** : सामाजिक वा धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यवसायमा लाभ रहनेछ। |
| **वृष** : नाम र दाम कमाउने समय रहेको छ। रचनात्मक कार्यतिर मन लाग्नेछ। | **वृश्चिक** : नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। वैदेशिक सम्बन्धी कार्यहरू अगाडि बढ्नेछन्। |
| **मिथुन** : महत्वपूर्ण कामको थालनी हुनेछ। लगनशीलताले विभिन्न अवसरहरु दिलाउनेछ। | **धनु** : अधिकार प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। वैचारिक मनमुटाव बढ्नेछ। |
| **कर्कट** : महत्वपूर्ण कामको थालनी हुनेछ। लगनशीलताले विभिन्न अवसरहरु दिलाउनेछ। | **मकर** : समाजमा शुभ कार्यको चर्चा हुनेछ। यात्रा सफलतादायक रहनेछ। |
| **सिंह** : चोट लाग्ने सम्भावना देखिएको छ सावधान रहनुहोस्। रोजगारमा सफलता मिल्नेछ। | **कुम्भ** : राजनीतिक कार्यमा सफलता मिल्नेछ। रकम फिर्ता लिने समय रहेको छ। |
| **कन्या** : प्रतिस्पर्धामा फाइदा हुने योग छ। घरजग्गा आदिको कारोबारमा सफलता मिल्नेछ। | **मीन** : प्रेम र मित्रताको बन्धन कसिनेछ। हात लिएको काममा आलस्य नगर्नुहोस्। |

## कृषि

# 'स्ट्रबेरी'खेतीले बढायो 'एग्रो-टुरिजम'को आकर्षण



भरतपुर महानगरपालिका-५ समिचोकस्थित नेपाल एग्रोभाइन प्रालिको फर्ममा फलेको स्ट्रबेरीले यतिबेला पर्यटकको ध्यान तानेको छ । विगत पाँच वर्षदेखि व्यावसायिक रूपमा सञ्चालन हुँदै आएको यस फर्मले स्ट्रबेरीखेतीसँगै एग्रो-टुरिजम प्रवर्द्धनलाई प्राथमिकता दिँदै आएको छ । फर्मका सञ्चालकमध्येका प्रमुख ससन देवकोटा नौ वर्षअघि अमेरिका बसाइबाट नेपाल फर्किएकन हुन् । अमेरिकामा उच्च शिक्षा हासिल गरी उनले एग्रो-टुरिजम मोडलमा आधारित कृषि व्यवसाय सुरु गरेका हुन् । "हामीले एग्रो-टुरिजम मोडलमा स्ट्रबेरी फर्म सञ्चालन गरेका छौँ । यहाँ आउने आगन्तुकले आफैँ स्ट्रबेरी टिपेर लैजान सक्छन्", उनले भने । स्ट्रबेरीखेती एक बिघा क्षेत्रफलमा फैलिएको छ भने समग्र फर्म पाँच बिघामा विस्तार गरिएको छ । फर्ममा चार जना स्थायी कर्मचारी कार्यरत छन् भने दैनिक ज्यालादारीमा आठदेखि १० जनासम्म कामदार खटिने गरेका छन् । यस वर्षदेखि आधुनिक तरीकाबाट स्ट्रबेरीसँगै टमाटर, क्याप्सिकम र खोर्सानी खेतीसमेत सुरु गरिएको छ । देवकोटाका अनुसार यहाँ स्ट्रबेरी उत्पादनको मुख्य समय करिब ५० दिनसम्म रहन्छ । सुरुआती वर्षमा अनुसन्धान गर्दै उपयुक्त जात छनोट गरिएको उनी बताउँछन् । विशेषगरी अमेरिकन भेराइटीका स्ट्रबेरी तराई क्षेत्रमा राम्रो हुने भएकाले सोही जात लगाइएको छ । उक्त बिरुवा मूलत: अमेरिकामा विकास गरिएको र हाल इजिप्टस्थित नर्सरीबाट आयात हुने गरेको उनको भनाइ छ । आगामी वर्षदेखि बिरुवा स्वदेशमै उत्पादन गर्ने योजना रहेको पनि उनले जानकारी दिए । "स्ट्रबेरीले अहिले एग्रो-टुरिजमलाई राम्रोसँग प्रवर्द्धन गरेको छ", उनले भने । एग्रो-टुरिजममार्फत कृषिसँग प्रत्यक्ष जोडिने अवसर मिल्ने भएकाले बालबालिका तथा विद्यार्थीका लागि यो उपयोगी माध्यम बनेको उनको अनुभव छ । विभिन्न कृषि कलेजका विद्यार्थीले फर्ममा अध्ययन तथा अनुसन्धानसमेत गर्दै आएका छन् । व्यावहारिक शिक्षामा यसले टेवा पुर्‍याएको देवकोटाको भनाइ छ । देवकोटाका अनुसार पहाडी भेगमा पाइने भुइँ ऐँसेलु जातका स्ट्रबेरी समद्री सतहबाट करिब १७ सयदेखि १९ सय मिटर उचाइमा राम्रो फल्ने गर्छन् । "एग्रो-टुरिजमको सम्भावना नेपालमा धेरै छ", देवकोटाले भने, "अहिले मानिस कृषिसँग जोडिने रहर राख्छन् । केहीले भने पैसा कमाएर खेती छोड्ने अवस्था पनि देखिन्छ । तर जति कमाए पनि अन्तत: खानैपर्छ भन्ने कुरा बिर्सेर खेती छोडेका छन् । हाम्रो टिमको उद्देश्य भने कृषि पढेर कृषिमै रमाउन सकिन्छ भन्ने सोचको विकास गर्नु हो ।" उनले आगामी दिनमा अन्य स्थानमा पनि एग्रो-टुरिजम विस्तार गर्ने योजना रहेको बताए । *-रासस*

# सुक्खा मौसममा पनि बढ्यो दूध उत्पादन



तनहुँ, व्यास नगरपालिका-१३ बेलबासका पशुपालन गर्दै आएका किसानले सुक्खा मौसममा पनि दूध उत्पादनमा वृद्धि गरेका छन् । गाईको सङ्ख्या थप्दै गएका छन् । बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध एक सय ६१ मध्ये ४५ किसान व्यावसायिक रुपमा पशुपालनमा आवद्ध भएका छन् । यसअघि दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएकामा अहिले एक हजार सात सय लिटर दूध सङ्कलन भइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिएका छन्। "अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्ने तर वृद्धि हुँदै गएको छ," उनले भने, "मासिक १५ हजारदेखि दुई लाखसम्म आम्दानी हुने गरेको छ ।" उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ । उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षित भएका व्यवस्थापक साँखीको भनाइ छ । दमौली बजारमा सञ्चालनमा ल्याएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ, भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको संस्थाका सचिव मेघनाथ आचार्यले बताए । उनले भने, "दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरेको आभास भएको छ ।" यस क्षेत्रका पशुपालन गर्ने किसानले अन्य व्यक्तिका लागि पनि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घरखर्च चलाउन सजिलो भएको पशुपालक किसान बताउँछन् । किसानको खरिद मूल्यअनुरुप अहिले दैनिक रु एक लाख ३४ हजारको दूध सङ्कलन हुने गरेको छ । उनीहरूले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाटप्रति लिटर रु तीन र व्यास नगरपालिकाबाट रु दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन् । व्यावसायिक रुपमा पशुपालन गर्ने किसानलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर थापाले बताए । गाउँमै दुग्ध सङ्कलन केन्द्र रहेकाले किसानले दैनिक बिहान र बेलुका उत्पादन गरेको दूध बिक्री गर्न सहज भएको छ । नगरपालिकाले किसानलाई प्रोत्साहन गर्न उत्पादनका आधारमा अनुदान प्रदान गर्दै आएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताए । *-रासस*

# आठ अर्ब ६१ करोड बढीको अलैँची निर्यात



मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्ममा अलैँची निर्यात ५९ दशमलव ८० प्रतिशतले बढेको छ । कार्यालयको तथ्याङ्कअनुसार उक्त अवधिमा रु आठ अर्ब ६१ करोड २० लाख सात हजार बराबरको अलैँची निर्यात भएको हो । चालु आवको दश महिनाको अवधिमा चार हजार १५३ दशमलव १५ मेट्रिकटन अलैँची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए । अघिल्लो आव २०८१/८२ को सोही अवधिमा रु पाँच अर्ब ३८ करोड ८० लाख २० हजार बराबरको अलैँची निर्यात भएको उनले बताए । कार्यालयको तथ्याङ्कअनुसार चालु आवको दश महिनामा चियाको निर्यात २६ दशमलव ७० प्रतिशतले घटेको छ । उक्त अवधिमा रु दुई अर्ब ३२ करोड १२ लाख ५६ हजार मूल्य बराबरको चिया निर्यात भएको छ । आव २०८१/८२ को सोही अवधिमा रु तीन अर्ब १६ करोड ६२ लाख १३ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए । कार्यालयको तथ्याङ्क अनुसार निर्यात हुने मुख्य वस्तुमा भेनियर सिट ९१ दशमलव १० प्रतिशत, छुर्पी ६३ दशमलव ३० प्रतिशत, अदुवा, सुठो एक सय एक दशमलव ८० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी ३६ दशमलव १० र मुसुरो दाल ३१६ दशमलव २० प्रतिशत, जडीबुटी ९२ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ । यसैगरी प्लाउड ४० दशमलव ९० प्रतिशत, अम्रिसो २४ दशमलव ९० प्रतिशतले कमी आएको छ । मेची भन्साबाट चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्त सम्ममा रु १६ अर्ब तीन करोड १५ लाख ८३ हजार बराबरको मालवस्तु निर्यात भएको छ ।

*-इहिमालय टाइम्स डटकम*


# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित भएको मिति २०८२/११/१७*

शिलबन्दी दरभाउपत्रको सुचना नं.: REDA/SQ/BioFert/2082/083/02

रिब्दीकोट गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा र ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाको सहजीकरणमा रिब्दीकोट गाउँपालिकामा संचालित रिब्दीकोट कृषि परियोजना अर्न्तगत सूक्ष्मजीव-संवर्द्धित प्राङ्गारिक मल उत्पादन तथा बजारीकरण गर्न उद्योग स्थापनाका लागि भवन निर्माण गर्नुपर्ने भएकोले ईच्छुक योग्य आपूर्तिकर्ताहरुबाट रितपुर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**शिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण:**

| क्र. सं. | वस्तु / सामग्री को विवरण | परिमाण | दरभाउपत्रज मानत रकम रु. | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र मान्य हुने अवधि | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | सूक्ष्मजीव-संवर्द्धित प्राङ्गारिक मल उत्पादन तथा बजारीकरण गर्न उद्योग स्थापनाका लागि भवन निमाण | १ | ३७००० | १,०००।०० | शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनहुनेछ । | २०८२/१२/०१ गते कार्यालय समय साँझ ५:०० बजे भित्र । | २०८२/१२/०२ गते मध्यान्ह १२.०० बजे सम्म । | २०८२/१२/०२ गते अपरान्ह २.३० बजे । |

**१.**शिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक दरभाउपत्र दाताहरुले थप जानाकारीको लागि ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पााको मुख्य कार्यालय बिशालबजार ४ तानसेन पाल्पा कार्यालयको फोन नं ०७५५२१६१०, वा इमेल **redapalpa@gmail.com** मा सम्पर्क राख्न सक्नेछन् ।

**२.**योग्य दरभाउपत्रदाताले मिति २०८२/११/१७ गते सुचना प्रकाशन गरेको मितिले १५ दिन अर्थात २०८२/१२/०१ गतेका दिन कार्यालय समय भित्रमा १००० रुपैया फिर्ता नहुने दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखिति निवेदन ग्रामीण आर्थिक विकास संघ (रेडा) बिशालबजार ४ तानसेन पाल्पामा रहेको मुख्य कार्यालयबाट शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सक्नेछन् ।

**३.**शिलबन्दी दरभाउपत्र सुचना प्रकाशन गरेको मितिबाट कम्तिमा १६ औं दिन अर्थात २०८२/१२/०२ गते दिनको १२:०० बजे भित्र ग्रामीण आर्थिक विकास संघ (रेडा) बिशालबजार ४ तानसेन पाल्पामा पेश गर्नु पर्नेछ । उल्लेखित समय भन्दा ढिलो गरि प्राप्त भएका दरभाउपत्र अस्विकृत गरिनेछ ।

**४.**प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु २०८२/१२/०२ गते दिनको २:३० बजे उपस्थित हुन चाहाने आपुर्तिकर्ताका प्रतिनिधिहरुको रोहोबरमा ग्रामीण आर्थिक विकास संघ (रेडा) बिशालबजार ४ तानसेन पाल्पामा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको मितिको दिनदेखी गणना हुने गरि कम्तिमा ४५ दिन हुनु पर्नेछ । दरभाउपत्रको साथ रु ३७०००। अक्षरुपी सैंतिसहजार मात्र दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा ग्लोबल आई.एम.ई बैकं तानसेन शाखामा रहेको **Rural Economic Development Association-RAP VITA** को चल्ति खाता नं **12901010006873** मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

**५.**दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

**६.**शिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु शिलबन्दी फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**ग्रामीण आर्थिक विकास संघ (रेडा), पाल्पा**

# पाल्पामा चुनाव अवधिभर मदिरा बिक्री वितरणमा रोक




**पाल्पा,** फागुन १६/जिल्ला प्रशासन कार्यालय पाल्पाले शुक्रबारदेखि लागु हुनेगरी जिल्लाभर पूर्णरूपमा मदिरा बिक्री वितरणमा रोक लगाएको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गरी यहाँ मदिरा बिक्री वितरणमा रोक लगाइएको हो ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भएरहित एवं शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न जिल्लामा मदिरा ओसारपसार र बिक्री वितरण निषेध गरिएको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले बताए । शुक्रबार सुवेदीले जारी गरेको सूचनामा मदिरा ओसारपसार, बिक्री वितरण र सेवन निषेध गरिएको छ । "फागुन १५ गते राति १२ बजेदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मदिराको ओसारपसार, बिक्री वितरण र सेवनमा निषेध गरिएको छ", सूचनामा भनिएको छ । निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ एवम् जिल्ला सुरक्षा समिति पाल्पाको बैठकको निर्णय बमोजिम जिल्लाभर लागु हुने गरी मदिरा बिक्री वितरणमा रोक लगाइएको हो । यस विपरीत हुने गरी मदिरा एवं मदिराजन्य पदार्थको ओसारपसार, बिक्रीवितरण एवं सेवन गरी सार्वजनिक शान्ति र अमन चयन भङ्ग हुने कुनै पनि गतिविधि गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही हुने सहायक प्रजिअ सुवेदीले बताए । उनले आसन्न निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न मतदाता, राजनीतिक दल जिल्लावासी, सरोकारवाला निकायलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गरिदिन समेत आग्रह गरेका छन् ।

## पाल्पामा मतदान...

...फागुन १८ गते मतदान स्थलमा खटिएदेखी मतगणना सम्पन्न नहुँदासम्मको अवस्थामा गर्नुपर्ने सम्पूर्ण कामको विषयमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई जानकारी प्रशिक्षण गरिएको निर्वाचन कार्यालय पाल्पाका प्रमुख महेश शर्माले बताए । सम्म प्रशिक्षण पाएका पाल्पाका मतदान अधिकृत, कर्मचारी, सुरक्षाकर्मीहरु फागुन १८ गते सम्म मतपत्र सहित आवश्यक सरसमान बुझेर सम्बन्धित मतदानस्थमा पुगी सक्नुपर्ने छ । पाल्पाको निर्वाचन क्षेत्र नं. १ मा ५२ वटा मतदान स्थलमा ११७ वटा मतदान केन्द्र रहेका छन् । जसमा ९८ हजार ३ सय ८३ मतदाता रहेका छन् । क्षेत्र नं. २ मा ६६ वटा मतदान स्थलको १३४ वटा मतदान केन्द्रमा १ लाख ९ हजार ५३ जना मतदाता रहेका छन् । यहाँ निर्वाचनको लागि विभिन्न किसिमका तयारी पूरा भएसँगै अब सबैको ध्यान फागुन २१ को मतदानतर्फ सोझिएको छ । पाल्पामा दुई सिटको लागि क्षेत्र नं. १ मा १४ जना र क्षेत्र नं. २ मा १६ जना उम्मेदवारहरु प्रतिष्पर्धामा छन् । जिल्लामा २९ मतदानस्थल अतिसंवेदनशील सूचीमा रहेका छन् । जसमध्ये क्षेत्र नं. १ मा २० वटा र क्षेत्र नं. २ मा ९ वटा मतदानस्थल रहेका छन् । क्षेत्र नं. १ मा २४ वटा संवेदनशील र ८ वटा सामान्य रहेका छन् । क्षेत्र नं. २ मा संवेदनशील २६ र सामान्य ३१ वटा रहेका छन् । जिल्लाको निस्दी, माथागढी, रैनादेवीछहरा,तिनाउ, रामपुरलगायतका स्थानमा रहेका अधिकांश मतदान केन्द्र संवेदनशील रहेका छन् । नगरभित्रकै पनि कतिपय स्थानमा रहेका मतदान केन्द्र सुरक्षाका दृष्टिले संवेदनशिल रहेको सुरक्षा समितिले जनाएको छ ।

## वर्तमान संकट...

...भदौ २३ र २४ सम्म सबै भएको थियो र केही पनि बाँकी थिएन भन्ने एमालेको सोच र भदौ २३ र २४ सम्म केही पनि भएकै थिएन भन्ने रास्वपाको सोचभन्दा कांग्रेस भिन्न रहेको पनि उपसभापति शर्माले बताए । "देशमा केही भइरहेको थियो तर जति हुनुपर्ने हो त्यति भने भएको थिएन," उनले भने, "कांग्रेसले यसलाई बदल्न चाहन्छ, जसका लागि आफू बद्लिएर आएको छ ।" देशभरका कांग्रेस उम्मेदवारले गरेका प्रतिबद्धता कांग्रेस पार्टीको प्रतिबद्धता भएको र त्यो पूरा हुने पनि उनले मतदातालाई आश्वासन दिए । "कांग्रेसले जुन कुरा गर्न सक्छ त्यो कुरा गर्छ । अहिले उम्मेदवारहरूले गरेको प्रतिबद्धता भावी प्रधानमन्त्री गगनको पनि प्रतिबद्धता हो । त्यसैले जिम्मेवार पार्टीका हैसियतले ती प्रतिबद्धता पूरा हुन्छन् म वाचा गर्छु ,"नेता शर्माले भने । विभिन्न दलमा रहेका नेता र कार्यकर्ताहरू अहिले कांग्रेसमा आउने लहर आएको भन्दै नयाँ पुस्ताका माग र चाहनालाई पूरा गर्न पनि कांग्रेसका उम्मेदवारलाई जिताएर पठाउन उनले आग्रह गरे । नेपाली कांग्रेसले विकास निर्माणका कामलाई तीव्रता दिन तीन सिृटमा काम गर्ने योजना अघि सारेको पनि नेता शर्माले बताए । पहिले १० वर्षमा सकिनुपर्ने काम ३० वर्ष लागेको बताउँदै उनले अब दिन-रात तीन सिफ्टमा काम गरेर ३० वर्षको काम १० वर्षमै सक्ने बेला आएको उनको भनाइ छ । देशलाई अघि बढाउन सबै क्षेत्रको सहकार्य, सकारात्मक सोच र कडा मेहनत आवश्यक रहेको उनले बताए । कार्यक्रममा गुल्मी क्षेत्र नम्बर १ का कांग्रेस उम्मेदवार चन्द्रकान्त भण्डारीले जनताको विश्वास नै आफ्नो मुख्य शक्ति भएको बताए । उनले आफ्नो क्षेत्रका अधुरा विकासका योजना पूरा गर्ने र युवालाई रोजगारीका अवसर सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरे ।

### खेलकुद समाचार

## पुलिस र आर्मी जय ट्रफी क्रिकेटको फाइनलमा



**काठमाडौं,** फागुन १४/साविक विजेता नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब जय ट्रफी क्रिकेटको फाइनलमा पुगेका छन् । आर्मी शीर्ष र पुलिस दोस्रो स्थानमा रहँदै उपाधि नजिकै पुगेका हुन् । त्रिवि त्रिकेट मैदानमा भएको खेलमा पुलिसले बागमती प्रदेशलाई ८ विकेटले हरायो । बागमतीले दिएको ८९ रनको लक्ष्य पुलिसले दोस्रो दिनको तेस्रो सत्रमा २ विकेट गुमाएर भेटायो । पुलिसका सोहेल कुँवरले नटआउट ३५ रन बनाए । बागमतीका रिजन ढकाल र सन्दीप लामिछानेले १/१ विकेट लिए । बागमती दोस्रो पारीमा २ सय ३७ रनमा अलआउट भएको थियो । बागमतीका ईशान पाण्डेले ८० रन बनाए । पुलिसका ललित राजवंशीले ५ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको बागमती पहिलो पारीमा १ सय ८५ रन बनाउँदा अलआउट भएको थियो । बागमतीका ईशान पाण्डेले ४१ रन बनाए । पुलिसका करण केसीले ४, ललित राजवंशीले ३ विकेट लिए । पुलिसले पहिलो पारीमा ८ विकेट गुमाएर ३ सय २४ रन बनाउँदै पारी समाप्तिको घोषणा गरेको थियो । पुलिसका कुशल भुर्तेले ९६, कप्तान आरिफ शेखले ५३, दिलसाद अलीले ५१ रन बनाए । बागमतीका सन्दीप लामिछानेले ४ विकेट लिए । यस्तै मूलपानी मैदानमा शनिबार भएको आर्मी र नेपाल एपीएफ क्लबबीचको खेलमा बराबरी भएको छ । आर्मीले दिएको ३ सय ८१ रनको लक्ष्य पछ्याएको एपीएफले दोस्रो दिनमा ७ विकेट गुमाएर २ सय २८ रन बनाउँदा खेल बराबरीमा सकियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## मुद्दती निक्षेपको ब्याजदर घट्दा बचतकर्ता मर्कामा




**पाल्पा,** फागुन १६/मुद्दती निक्षेपको ब्याजदर घट्दै जाँदा बचतकर्ताहरु मर्कामा परेका छन् । पछिल्लो समय बैंकहरुले व्यक्तिगत र संस्थागत दुवै मुद्दती निक्षेपको औसत ब्याजदर घटाउँदै जाँदा बचतकर्ताहरु मारमा परेका हुन् ।

केही महिना अघिदेखि निक्षेपमा ज्याजदर घटाउँदै आएका वाणिज्य बैंकहरूले फागुन महिनाका लागि पनि व्यक्तिगत र संस्थागत दुवै मुद्दती निक्षेपको औसत ब्याजदर घटाएका छन् । बैंकहरुले व्यक्तिगत मुद्दती निक्षेपको औसत ब्याजदर ०.११५५ प्रतिशत विन्दु घटाएर ४.५६९ प्रतिशत विन्दुमा कायम राखेका हुन् । माघ महिनामा ४.६८४५ प्रतिशत विन्दु रहेको बैंकहरुको व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम औसत ब्याजदर फागुन महिनामा घटेको हो । हाल वाणिज्य बैंकका मात्र ५ करोड ३० लाखभन्दा बढी बचतकर्ता छन् । उनीहरूको बचतको हितका लागि बैंक तथा राष्ट्र बैंकले समेत विशेष चासो दिनुपर्ने आवाज उठिरहेको छ । बैकरहरू भने विगतमा बचतकर्ताले १३ प्रतिशत हाराहारीसम्म ब्याज पाएको भन्दै त्यतिखेर ऋणीलाई अन्याय भएको पनि सम्झनुपर्ने बताउँछन् । ब्याजदर घट्ने अवस्था बजारको माग र पूर्तिमा निर्भर भएको उनीहरूको भनाइ छ । राष्ट्र बैंकका अनुसार, पुससम्ममा वाार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति २.४२ प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक एवम् प्रवक्ता गुरुप्रसाद पौडेल अझै पनि मुद्रास्फीति भन्दा निक्षेपको ब्याजदर बढी नै भएकाले आत्तिनु नपर्ने बताउँछन् । आर्थिक वर्ष २०८२-८३ को मौद्रिक नीतिमार्फत ब्याजदर करिडोरको तल्लो सीमाको रूपमा रहेको स्थायी निक्षेप सुविधा दरलाई ३ प्रतिशतबाट घटाई २.७५ प्रतिशत बनाइएको छ । कम्तिमा पनि २.७५ प्रतिशतभन्दा तल बैंकहरूको अल्पकालीन ब्याजदर नघटोस् भनेर भनिएको भन्दै प्रवक्ता पौडेल यसरी हेर्दा ब्याजदर अझै पनि बढी भएकाले चिन्ता गरिहाल्नुपर्ने अवस्था नरहेको बताउँछन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय :कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई